प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७५

## पर्यटन क्षेत्रसँग सम्वन्धित

## आ.व. २०७५/०७६

(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर) निर्णयबाट मिति २०७५।११।१४ मा स्वीकृत)

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १,
विराटनगर, नेपाल
२०७५

बद्रीराज ढुंगाना
प्रदेश सचिव

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल


१. पर्यटकीय क्षेत्र पूर्वाधार विकास, विस्तार तथा प्रवर्द्धन ........ १
२. मन्दिर/आश्रम/धर्मशाला/थानको निर्माण, स्तरोन्नती, मर्मत सुधार, संरक्षण, प्रवर्द्धन तथा धार्मिक पर्यटन पूर्वाधार विकास ........ ३
३. धार्मिक पर्यटन प्रवर्द्धनको लागि गुम्बा निर्माण तथा मर्मत सुधार ........ ६
४. मस्जिद निर्माण तथा इदगाह स्तरोन्नती ........ ७
५. सफ्टवेयर, एप्पस निर्माण र प्रचार प्रसार समाग्री उत्पादन वितरण ........ ८
६. आइडल नेटवर्किङ ........ ९
७. सम्भाव्यता अध्ययन ........ ९
८. डि.पि.आर. तयार तथा निर्माण ........ १०
९ . गुरुयोजना निर्माण ........ ११
१०. तालिम, गोष्ठी, अन्तरकृया, अवलोकन भ्रमण ........ ११
११. संग्राहलय निर्माण सहयोग ........ १२
१२. झरना संरक्षण र व्यवस्थापन तथा झरनामा पर्यटन पूर्वाधार विकास ........ १४
१३. ताल, पोखरी, सिमसार क्षेत्र संरक्षण, पर्यटन विकास तथा प्रबर्द्धन ........ १४
१४. इचौल शिव सरोवर धर्मशाला र ताल संरक्षण रामधुनी न.पा.६, सुनसरी ........ १६
१५. होमस्टे संचालन, विकास तथा प्रचार प्रसार ........ १७
१६. गुफा संरक्षण, व्यवस्थापन तथा प्रवर्द्धन ........ १८
१७. पर्यटकिय सूचना केन्द्र निर्माण, स्तरोन्नती तथा ब्यवस्थापन ........ १८
१८. पर्यटक रुटका खोलाहरुमा काठको पुल तथा ट्रष्ट ब्रिज निर्माण ........ १९
१९. उद्यान/पार्क निर्माण, विकास तथा प्रवर्द्धन ........ १९
२०. भ्यू टावर निर्माण तथा मर्मत संभार ........ २१
२१. पदमार्ग निर्माण, स्तरोन्नती, मर्मत संभार, सुधार तथा सिंढी निर्माण ........ २२
२२. दरवार प्रवर्द्धन संरक्षण ........ २४
२३. पर्यटक रुटका क्पाम्प साईटहरुको व्यवस्थापन ........ २४
२४. रक क्लाइम्बिङ निर्माणमा सहयोग (बाकी कामको निरन्तरता) इलाम ........ २५
२५. सप्तकोशी नदीमा जल पर्यटनका लागि मोटरेवल बोट सहयोग, बराहक्षेत्र न.पा. ९, सुनसरी ........ २५
२६. कोशीटप्पु वन्यजन्तु आरक्षमा पर्यटन प्रवर्द्धन गर्न मचान निर्माण, सुनसरी ........ २५
२७. कञ्चनजंघा संरक्षण क्षेत्रमा पर्यटक रुटमा सामुदायिक लज निर्माण ........ २५
२८. सगरमाथा रा.नि. को मञ्जे स्थित पर्यटक टिकट काउन्टर तथा प्रवेशद्वार व्यवस्थापन ........ २६
२९. सगरमाथा रा.नि.मा भिजिटर ट्रयाकिङ सिस्टम व्यवस्थापन ........ २६
३०. मुस्लिम समुदायको कब्रस्थान मर्मत सुधार, कोशी गा.पा. ५, सुनसरी ........ २६
३१. समुदायद्वारा व्यवस्थापन गरिएका समूहहरुमा पर्यापर्यटकिय स्थल पर्वद्धन र विकास ........ २६


इन्द्रराज दुमाना
प्रदेश सचिव

प्रदेश नं. १ को प्राकृतिक स्रोतहरुको संरक्षण एवं दीगो व्यवस्थापन, उद्योग तथा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनबाट स्थानीय र प्रादेशिक समृद्धि हासिल गर्दै “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय लक्ष्य पुरा गर्न योगदान पुर्याउने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको दीर्घकालीन सोच बमोजिम पर्यटन क्षेत्रको पूर्वाधार विकास, विस्तार र प्रवर्द्धन गरी यस प्रदेशलाई थप आकर्षक तथा सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तर बढाइ स्थानीय र प्रादेशिक समृद्धि हासिल गर्नको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत आ. व. २०७५/०७६ मा पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन तथा सम्पन्न गर्नको लागि प्रदेश सरकारले जम्मा रू ९१,७९,५०,०००/- बजेट व्यवस्था गरेकोछ ।

यस आ.व.का पर्यटन क्षेत्र तर्फका कार्यक्रम मध्ये नीति, नियम, कार्यविधि, मापदण्ड तयारी, पर्यटनसंग संबन्धित दैनिक प्रशासनिक कार्य, कार्यक्रमबारे अन्तरकृया, गोष्ठी र प्रचारप्रसार जस्ता कार्यहरू प्रदेश मन्त्रालयबाट र योजना/गुरूयोजना/DPR निर्माण, पर्यटनसंग संबन्धित अध्ययन/सम्भाव्यता अध्ययन, पूर्वाधार निर्माण/स्तरोन्नती, धार्मिक र पर्यापर्यटन विकास, सूचना प्रविधि विकास/विस्तार, होमस्टे विकास लगायतका अन्य कार्यहरू यसै कार्यविधिको दफा (७) को उपदफा (१) मा तोकिए बमोजिमका निकायहरू मध्येबाट लक्षित कार्य सम्पन्न गर्नसक्ने र कार्यक्रम सँग सम्बन्धित निकायबाट कार्यान्वयन गर्ने गरी यो मार्गदर्शन तयार गरिएकोछ ।

## १. पर्यटकीय क्षेत्र पूर्वाधार विकास, विस्तार तथा प्रवर्द्धन

बढी भन्दा वढी पर्यटक आकर्षण गर्न पहिचान भै सकेका पर्यटकीय क्षेत्र तथा सम्भाव्य अन्य पर्यटकीय स्थानहरुमा पर्यटनका लागि आवश्यक पूर्वाधार विकासका कार्यहरु गरी पर्यटनको विस्तार तथा प्रवर्द्धन गर्नको लागि यस कार्यक्रममा निम्न कार्यक्षेत्रका विभिन्न क्रियाकलापहरु देहायका विधि र प्रकृयाबाट संचालन गरिने छ ।

### कार्यक्षेत्र

- कार्यक्रमको माग अनुसार पर्यटकीय क्षेत्रको सूचना म्याप, होडिङ्ग बोर्ड, पहुँचमार्ग, पदमार्ग, मोटेरेवल बाटो, जलमार्ग पार्किङ्ग निर्माण/स्तरोन्नती,
- पार्क र बगैंचा, उद्यान, गन्तव्यमा खानेपानी र शौचालय निर्माण/व्यवस्थापन, विजुली, इन्टरनेट व्यवस्थापन,
- होटेल, पिकनिक स्थल, सोभेनियर सप, चमेना गृह, स्वास्थ्य क्लिनिक, ट्रेकिङ्ग तथा नेचरगाइडको निर्माण/स्तरोन्नती/व्यवस्थापन,
- भ्यू-टावर (मचान), गोलघर, स्वीमिङ्ग पूल निर्माण/स्तरोन्नती/व्यवस्थापन,
- मनोरञ्जन स्थल र स्थानीय मौलिकता बोकेको सम्पदा, मठ, मन्दिर, सत्तल आदिको निर्माण/जिर्णोद्धार/स्तरोन्नति
- उल्लेखित स्थलहरूको प्रचार प्रसारका लागि डिजिटल नक्सा, क्यालेण्डर, ब्राउसर, पोस्टर, पम्पलेट, होडिङ्ग बोर्ड, वाल पेन्टिङ्ग, श्रब्य दृश्य आदि र ईलेक्ट्रोनिक संचार, पत्रपत्रिका, बुलेटिन, पत्र, परिपत्र, वेभसाईट, सामाजिक संजाल आदिको माध्यमबाट राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार, प्रवर्धन ।

### कार्यान्वयन विधि र प्रकृया:

- यस कार्यक्रमसंग सरोकार राख्ने निर्माण र पर्यटनसंग संबन्धित सरोकारवाला, स्थानीय समुदाय तथा संभव भए सम्म सम्बन्धित स्थानीय तहका प्रतिनिधी समेतको प्रत्यक्ष सहभागितामा यस कार्यक्रम अन्तरगत स्वीकृत बजेटबाट तोकिएको स्थानमा गरिने र सम्भव हुने कार्यहरुको वारेमा अवधारणा वनाउने,



बद्रीराज दुगाना
प्रदेश सचिव